रोजगारी तथा आम्दानीका अवसरहरू खोज्ने । साथै, आफ्नो वरपर सञ्चालित सीप विकास तथा आय आर्जनका कार्यक्रमहरूको बारेमा जानकारी लिने र सहभागी हुने ।

- कहीँ पनि जाँदा आफ्ना महत्वपूर्ण कागजातहरू जस्तै नागरिकता, पासपोर्ट (राहदानी), लालपुर्जा (जग्गाधनी दर्ता प्रमाण पत्र), जन्मदर्ता प्रमाण पत्रहरू आफुसँगै राख्ने । त्यस्ता कागजातको फोटोकपि (प्रतिलिपि) परिवारका सदस्यसँग राख्न दिने ।
- कानुनी समस्या परेमा वा कागजातहरू हराएमा गाउँपालिका वा नगरपालिकाको कार्यालयहरूमा सम्पर्क गर्ने र जानकारी गराउने ।

## (९) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सहयोग गर्ने निकाय कुन कुन हुन् ?

- वैदेशिक रोजगार विभाग
- प्रहरी/महिला तथा बालबालिका सेवा केन्द्र
- मानव बेचबिखन अनुसन्धान व्युरो
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- गैरसरकारी संघसंस्थाहरु
- राष्ट्रिय बाल अधिकार परिषद्
- नेपाल बार एशोसेसियन
- अध्यागमन कार्यालय
- गाउँपालीका तथा नगरपालीका (स्थानिय सरकार)
- वैदेशिक रोजगार वोर्ड(उद्धार सम्बन्धमा)
- कन्सुलर सेवा विभाग/परराष्ट्र मन्त्रालय

## (१०) मानव बेचबिखन तथा ओसारपसारमा परेमा के गर्ने ?

- विश्वासिलो व्यक्तिलाई खबर गर्ने/सहयोग माग्ने ।
- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सहयोग गर्ने निकायमा उजुरी गर्ने/सहयोग माग्ने ।
- बेचबिखनमा संलग्न व्यक्तिहरुविरूद्धको प्रमाणहरु सुरक्षित राख्ने ।
- कानुनी उपचारको लागि सम्बन्धित निकायमा सम्पर्क गर्ने ।




## (११) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानूनमा के छ ?

१) पीडित आफैले उजुर दिएमा निजको तत्काल जिल्ला अदालतमा बयान गराउनुपर्ने ।
२) बयान क्षेत्राधिकार भित्र नपर्ने भएमा समेत प्रमाणित गर्नुपर्ने ।
३) त्यस्तो बयान प्रमाणमा लिन सक्ने ।
४) उजुरी गर्नेको नाम गोप्य राखिने व्यवस्था गरिएको ।
५) पक्राउ गर्न वा खानतलासी दिन सकिने व्यवस्था भएको ।
६) प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था ।
७) दोभाषे (भाषा अनुवादक) राख्न पाउने व्यवस्था भएको ।
८) उद्धार, पुनर्स्थापना केन्द्र, पुनर्स्थापना कोषको कानुनी व्यवस्था भएको ।
९) २० वर्ष सम्म कैद र २ लाख रुपैंयाँसम्म जरिवाना
१०) प्रतिरक्षाको सुविधा: बचाव गर्दा पिडकको मृत्यु हुन गएमा सजाय नहुने व्यवस्था
११) क्षतिपूर्तिको अधिकार: जरिवानाको कम्तीमा आधा क्षतिपूर्ति दिईने, पीडितको मृत्यु भएमा, हकवालाले पाउने र हकवाला नभएमा पुनर्स्थापना कोषमा जम्मा हुने ।
१२) सुराकीलाई १० प्रतिशत पुरस्कार दिने व्यवस्था
१३) सुराकीको विवरण गोप्य राखिने व्यवस्था
१४) सञ्चार माध्यम तथा कानुन प्रकृयामा समेत सक्कली नाम प्रसार गर्न नहुने
१५) पीडित र साक्षीको संरक्षणको व्यवस्था भएको ।
१६) बन्द ईजलासमा कारवाही हुने ।

## (१२) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४

अनुसार ११ जिल्लाहरु (रुपन्देही, सिन्धुपाल्चौक, चितवन, काठमाडौं, बांके, पर्सा, कैलाली, झापा, कास्की र सुर्खेत) मा पुर्नस्थापना केन्द्र सन्चालन भएको छ ।

## (१३) मानव बेचबिखन विरुद्ध सहयोग गर्ने तथा सुरक्षित स्थानागमन सम्बन्धी थप जानकारी का लागि केही निकायहरु :

### राष्ट्रिय मानव अधिकार आयोग

फोन नं. : ०१-५०१००१५
फयाक्स नं. : ०१-५५४७९७३
हटलाइन नं. : ०१-५०१०००० (२४सै घण्टा खुल्ला, बिदाका दिनमा समेत)
ईमेल : nhrc@nhrcnepal.org
वेबसाइट : www.nhrcnepal.org

### वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौं

टोल फ्रि नं : १६६००१०९९९९
फोन नं : ९७७-१-४७८२६४८
फयाक्स : ९७७-१-४७८२६०६
इमेल : info@dofe.gov.np
वेबसाइट : www.dofe.gov.np

### वैदेशिक रोजगार कार्यालय, ताहाचल, काठमाडौं

फोन : ९७७-१-४०३०६६७
इमेल : dofe_kath@dofe.gov.np

### वैदेशिक रोजगार बोर्ड, विजुलीबजार, काठमाडौं

फोनं : ०१-४२२०३११, ०१-४२२०५६७
फयाक्स : ०१-४२२०५४३
ईमेल : info@fepb.gov.np
वेबसाइट : www.fepb.gov.np

### नेपाल बार एशोसिएसन, रामशाह पथ, काठमाडौं

फोन : ०१-४२५३८९६, ४२५३८९६
फयाक्स नं. : ०१-४२१८०४९
ईमेल : neba@wlink.com.np
प्रत्येक जिल्लामा बार ईकाई मार्फत नि:शुल्क कानूनी सहायता प्रदान गरिन्छ ।

### राष्ट्रिय बाल अधिकार परिषद्, पुल्चोक, ललितपुर

फोन नं : ०१-५५५०१२४, ५५५०१४७
इमेल : info@ncrc.gov.np
वेबसाइत : www.ncrc.gov.np

### महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र (७७ वटा जिल्लाहरु)

**बाल हेल्पलाईन (नि:शुल्क नम्बर) - १०९८** (काठमाडौं, मोरङ, मकवानपुर, कास्की, बाँके, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख, सुर्खेत, बाजुरा)

### थप जानकारी तथा सहयोगको लागि सम्पर्क गर्न सकिने निकाय तथा पैसा नलाग्ने सम्पर्क फोन:

- जिल्ला प्रशासन कार्यालय
- मानव बेचबिखन, लैङ्गिक हिंसा वा अन्य अपराधको सूचनाको लागि १६६००१४१५१६
- प्रहरी सेवा - १०० र १११३
- बालबालिका हराएमा - १०४


**महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन)**
पो.ब.नं. २४९६०, फोन : ०१-४२२९७८७, ०१-४२२०४७८,
ईमेल : aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np



यो सचेतनामुलक सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) मार्फत बेलायती जनताहरुको सहयोगका कारण सम्भव बनेको हो । यस चेतनामुलक सामग्री भित्रका विषयवस्तु र सामग्री महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)को एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको वा डिएफआइडी वा संयुक्त अधिराज्य सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।


# मानव बेचबिखन नियन्त्रण सम्बन्धी केही जानकारी


**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**
बबरमहल, काठमाडौं, नेपाल पो.ब.नं. २४९६०
फोन. ०१-४२२९७८७/४२२०४७८, फ्याक्स: ४२२९७८७
ईमेल: aatwin@ntc.net.np वेबसाइट: www.aatwin.org.np

## (१) मानव बेचबिखन भनेको के हो ?

### मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार

नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) अनुसार देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने भनि उल्लेख गरेको छ :

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
(घ) वेश्यागमन गर्ने ।

## (२) मानव बेचबिखन तथा ओसारपसार मानिने कार्यहरु:

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा




करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

## (३) "संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (आलेख) २००० अनुसार

"मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जस अन्तर्गत, अरुको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपर्वक श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अङ्ग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्यानमा पारेर, शक्तिको प्रयोग गरेर नाजुक स्थितिमा ओहदाको दुरुपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्ति माथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ ।"

## (४) मानव तस्करी –

कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमको फाइदाका लागि कुनै व्यक्तिलाई भिसा (प्रवेशाज्ञा) नभएको मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्यलाई मानव तस्करी भनिन्छ । यो कार्य सम्बन्धित व्यक्तिको इच्छा, सहमति र चाहना अनुसार हुने गर्दछ । तर यस्तो माध्यमबाट विदेश जाने क्रममा बेचबिखन तथा शोषणमा पर्ने सक्ने जोखिम रहन्छ ।

## (५) मानव बेचबिखनका उद्देश्यहरु के के हुन्छ ?

- वेश्यावृत्ति/यौन शोषण
- अङ्ग प्रत्यारोपन
- भीख मगाउन
- सर्कसमा खेलाउन
- होटलमा काम गराउन
- अवैध धर्मपुत्र/पुत्री राख्न
- जोखिम काम गराउन
- घरेलु कामदार बनाउन
- धर्मपुत्रपुत्रीको रुपमा
- जर्बजस्ती श्रम
- गैरकानूनी काम गराउन
- उद्योग तथा कलकारखानामा न्युनतम ज्याला र जोखिमपूर्ण काममा
- मनोरञ्जन क्षेत्रमा काम गराउन जस्तै: क्याबिन, डान्सबार, रेष्टुरेण्ट, मसाज पार्लर आदि

## (६) मानव बेचबिखनका गन्तव्य

- आन्तरिक (नेपाल भित्र)
- छिमेकी देश (भारत, चीन) सीमा पारी
- समुद्रपारी विशेषगरी खाडी देशहरु

## (७) मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने कारणहरू

- लैङ्गिक, सामाजिक-सांस्कृतिक र कानूनी विभेद
- अशिक्षा/शिक्षामा कमी
- चेतनाको कमी
- बेरोजगारी




- गरिबी/निम्न आर्थिक अवस्था
- पितृसत्तात्मक सोच
- सामाजिक मुल्य-मान्यता तथा संस्कारहरु
- उन्नत जीवनको चाहना
- असुरक्षित स्थानागमन
- घरेलु/लैङ्गिक हिंसा
- वैदेशिक रोजगारीको नाममा झुक्याउने
- पर्याप्त कानुन र कार्यन्वयनको अभाव
- द्वन्द्व र राजनैतिक अस्थिरता

## (८) मानव बेचबिखन तथा ओसारपसारबाट जोगिने उपायहरु

- रोजगारीका लागि कुनै ठाउँमा जादाँ सबै जानकारी लिएर जानु पर्दछ ।
- कुनै पनि परिचित अथवा अपरिचित व्यक्तिलाई झट्ट विश्वास गर्नु हुँदैन ।
- नयाँ ठाउँमा जादा त्यस ठाउँको विषयमा जानकारी लिएर मात्र जानु पर्दछ र यस विषयमा परिवारका सदस्य, नातेदार वा साथीहरुलाई जानकारी दिएर मात्र जानु पर्दछ ।
- कुनै पनि व्यक्तिले यदि राम्रो जागिर दिने, घुमाउने, विवाह गर्ने, समानहरु किनिदिने प्रलोभन देखाएमा त्यस्तोमा पर्नु हुदैन ।
- वैदेशिक रोजगारीमा जानु परेमा सम्बन्धित कामका बारेमा, जाने देश र त्यसको नियमहरुका विषयमा जानकारी लिएर र सम्बन्धित निकाय वा जानकार व्यक्तिसंग सल्लाह लिनु पर्दछ ।
- वैदेशिक रोजगारीको फाइदा र बेफाइदाका बारेमा सचेत हुनु पर्दछ ।
- कसैको पनि प्रलोभनमा नपर्ने, अरूको लहैलहैमा नलाग्ने, कसैले कुनै लोभ देखाएमा सम्बन्धित सरकारी निकाय, नजिक रहेका संस्था, जानेबुझेका परिवारका सदस्य तथा विश्वसनीय साथीहरूसँग सरसल्लाह गर्ने ।
- कसैले तपाईको आवश्यकता र ईच्छा पुरा गर्न सहयोग गर्छु तर त्यसको लागि आफ्नो घर ठाउँ छोडेर अन्तै जानुपर्छ




भन्छन् भने त्यस्तो कुरा सही हो वा होइन पत्ता लगाउने । यसका लागि कहाँ जाने, कसरी जाने, के काममा जाने, तलब कति हुन्छ सबै थाहा पाउने । आफूले थाहा पाएको कुरा सही हो वा होइन यकिन गर्न जानेबुझेका परिवार, साथीभाई, गाउँका अगुवा र प्रहरीसँग बुझ्ने ।

- रोजगारीका लागि जाँदा आफ्नो सीप र क्षमता अनुसारको काम मात्र छनौट गर्ने र सीप विकास तालिममा सहभागी भएर मात्र वैदेशिक रोजगारीमा जाने ।
- वैदेशिक रोजगारीमा जाँदा सरकारले तोकिदिएको नियम र प्रकृया अपनाएर आधिकारिक र मान्यता प्राप्त कम्पनी वा एजेन्सीमार्फत मात्र जाने ।
- वैदेशिक रोजगारीमा जाँदा सरकारले खुला नगरेको देशमा नजाने ।
- देश भित्र वा देश बाहिर घुम्न वा कामका लागि जाँदा घर परिवार र नजिकको साथीभाईलाई जानकारी गराएर मात्र जाने ।
- विपदका बेला आइपरेको समस्यामा नआत्तिने । यस्तो बेलामा संयम भई सकेसम्म आफ्नै ठाउँमा वा देश भित्रै